सूचना । सूचना ॥ सूचना ॥।

# धनुषा जिल्ला अदालतबाट जारी भएको दसीका जिन्सी सामानहरु फिर्ता लिन आउनेवारेको

## अत्यन्त जरुरी सूचना

उपरोक्त सम्बन्धमा विभिन्न मितिमा विभिन्न मुद्दाहरुमा अभियोग पत्र साथ दसी प्रमाण स्वरुप दाखिल हुन आई यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका सवारी साधनहरु र अन्य विभिन्न जिन्सीका सामानहरु वार्षिक कार्य योजनाअनुसार अभियानकैरुपमा जिन्सी व्यवस्थापनको कार्य भईरहेकोले त्यस्ता सवारी साधन लगायतका जिन्सी सामानहरु मध्ये फैसला वा कानूनले कसैले फिर्ता पाउने भई फिर्ता लिन बाँकी भए यो सूचना पत्रिकामा प्रकाशित भएका मितिले १(एक) महिना भित्र र चोरी मुद्दाका हकमा मुलुकी ऐन चोरीको महलको १२ नं. बमोजिम ३(तीन) महिनाभित्र आवश्यक सबुद प्रमाणसाथ फिर्ता बुझीलिन वा लिलाम भईसकेका हकमा रकम बुझिलिन यस अदालतमा उपस्थित हुन जिल्ला अदालत नियमावली, २०५२ को नियम ९०(क)को उपनियम (२) तथा मुलुकी ऐन, चोरीको महलको २१ नं.को प्रयोजनको लागि यस अदालतका मिति २०७४।४।१० को निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र प्रमाण सहित फिर्ता बुझी लिन नआएमा लिलाम बिक्री गरी रकम धरौटीमा आम्दानी बाँधिने र कानूनका म्याद १ वर्षभित्र धरौटी बुझी लिन नआए सो धरौटी रकम सदर स्याहा गरिनेछ । सामान फिर्ता बुझी लिन आउँदा सो मितिसम्ममा सामान लिलाम बिक्री भई रकम धरौटीमा आम्दानी बाँधिएकाको हकमा सामानको सट्टा रकम नै फिर्ता बुझी लिनुपर्नेछ ।